# प्रेस विज्ञप्ती

चैत्र २६, २०७७

## सिद्धार्थ बैंकद्धारा नेपाल आँखा अस्पताललाई सहयोग

सिद्धार्थ बैंक लिमिटेडले २०७७ चैत्र २६ गते बिहीबार काठमाडौं जिल्लाको त्रिपुरेश्वरमा अवस्थित नेपाल आँखा अस्पताललाई टोकन सिष्टम लागु गर्नको लागि सहयोग स्वरुप रु. पाँच लाख प्रदान गरेको छ । सो रकम बैंकका प्रमुख कार्यकारी अधिकृत श्री शम्भु नाथ गौतम ज्यूले नेपाल आँखा अस्पतालका अध्यक्ष डा. गोपाल प्रसाद पोखरेललाई हस्तान्तरण गर्नुभएको हो ।

बैंकबाट प्राप्त उक्त रकम नेपाल आँखा अस्पतालले अस्पतालमा आउने सेवाग्राहीहरुको सुविधा तथा छिटो छरितो सेवा प्रदान गर्नको लागि अस्पतालका विभिन्न ब्लकहरुमा टोकन सिष्टम लागु गर्न उपयोग गर्नेछ । उक्त सिष्टमले अस्पतालमा व्यवस्थित रुपमा सेवा प्रदान गर्न मद्दत पुग्ने विश्वास बैंकले लिएको छ ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत स्वास्थ्य, वातावरण तथा अन्य विभिन्न क्षेत्रमा विभिन्न कार्यक्रम गर्दै आइरहेको छ र आगामी दिनहरुमा पनि यस्ता संस्थागत सामाजिक उत्तरदायित्वलाई सधैं आफ्नो उच्च प्राथमिकता दिंदै जानेछ ।